मिति २०७७/११/४ मा बसेको मन्त्रिपरिषद् बैठक संख्या १००/२०७७ को निर्णयहरू:-

१. मुख्यमन्त्री तथा मन्त्रिपरिपद्को कार्यालयको प्रस्ताव नं. १/७०/३५३-२०७७/११/३ को "प्रदेश सरकार (कार्य विभाजन) (पहिलो संशोधन) नियमावली, २०७७ स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

२. मुख्यमन्त्री तथा मन्त्रिपरिपद्को कार्यालयको प्रस्ताव नं. १/७१/३५६-२०७७/११/३ को "प्रदेश निजामती कर्मचारी प्रशिक्षण नीति, २०७७ स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

३. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं. ७/६९/३५४-२०७७/११/३ को "सेती आयुर्वेद औषधालय, कैलालीलाई प्रादेशिक आयुर्वेद चिकित्सालय, कैलालीमा गाभ्ने सम्बन्धमा नीतिगत निर्णय हुन" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

४. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्ताव नं. २/४८/३५५-२०७७/११/३ को "प्रदेश पदक प्रदान गर्ने सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७७ लाई स्वीकृत प्रदान गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

५. माननीय मुख्यमन्त्रीज्यूबाट वैठकमा प्रस्तुत भएको प्रदेश लोकसेवा आयोगको अन्तरिम संगठन संरचना एवं दरवन्दी तेरिज तयार पार्ने सम्बन्धी मौखिक प्रस्तावका सम्बन्धमा देहाय बमोजिम गर्ने:-

"प्रदेश लोकसेवा आयोगको अन्तरिम संगठन संरचना एवं दरवन्दी तेरिज तयार पार्न मुख्यमन्त्री तथा मन्त्रिपरिपद्को कार्यालयका उपसचिवको संयोजकत्वमा तपसिल बमोजिमका सदस्य रहने गरी समिति गठन गर्ने:-

संयोजक - उपसचिव श्री रामदत्त पाण्डेय,मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सदस्य - उपसचिव/शाखा अधिकृत प्रतिनिधि १,आन्तरिक मामिला तथा कानून मन्त्रालय
सदस्य – उपसचिव/शाखा अधिकृत प्रतिनिधि १, भौतिक पूर्वाधार विकास मन्त्रालय। "

६. माननीय मुख्यमन्त्रीज्यूबाट वैठकमा प्रस्तुत भएको राहत प्रदान गर्ने सम्बन्धी मौखिक प्रस्तावका सम्बन्धमा देहाय बमोजिम गर्ने:-

"मिति २०७७/६/७ गते बझाङ्ग जिल्ला मष्टा गाउँपालिका वडा नं. २ खिकाला बस्ने १२ वर्षिया वालिका सम्झना कामी र मिति २०७७/१०/२१ गते बैतडी जिल्ला दोगडाकेदार गाउँपालिका वडा नं. ७ चडेपानी बस्ने १८ वर्षिया भागरथी भट्टको बलात्कार पछि भएको हत्याको घटनाप्रति प्रदेश सरकारबाट दुःख प्रकट गर्दै निज मृतकहरुको परिवार/नजिकको हकवालालाई तत्काल पाँच लाख रुपैयाँका दरले राहत रकम प्रदान गर्नका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयले आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई रकम निकासा गर्ने।"

२०७७/११/४

प्रमुख सचिव